# ठाकुरबाबा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया
प्रदेश नं.५, नेपाल
स्था: २०७३

पत्र संख्या :२०७४/२०७५
चलानी नं. : ९८२

मिति: २०७४/११/२१

# सुचना ! सुचना !! सुचना !!!

यस ठाकुरबाबा नगरपालिका अर्न्तगत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु साथै सम्पुर्ण सरोकारवालाहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको व्याहोरा अनुरोध छ ।

**तपशिल**

१. नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट मासिक रुपमा तलब, भत्ता,पेन्सन वा यस्तै प्रकारको मासिक सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने ।

२. पतिको मृत्यु पछि पतिको तर्फबाट पेन्सन सुविधा पाउने एकल महिला (विधवा) समेतलाई सामाजिक सुरक्षा भत्ता दिन नमिल्ने ।

३. सामाजिक सुरक्षा कार्याविधि, २०७२ मा संसोधन भए अनुरुप दफा ३ (थ) अनुसार नेपालभरका अनुसुची १ मा उल्लेखित दलित परिवारका आमाबाट जन्मेका बढीमा दुई बालबालिकालाई मात्र बाल पोषण भत्ता उपलब्ध गराइने ।

४. बालपोषण भत्ता पाउने बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा यो भत्ता प्राप्त हुने छैन । उपरोक्तानुसार सेवा वा व्यावसाय सञ्चालन गरे /नगरेको बारे निवेदक (आमा वा बाबु) ले स्वघोषणा गर्नुपर्ने छ ।

(नोट): १.माथी उल्लेख भए बिपरित कोही कसैले सामाजिक सुरक्षा भत्ता बापतको सुविधा लिई आएको जानकारी हुन आएमा अहिले सम्म प्राप्त गरेको भत्ता रकम असुल उपर गरि नियमानुसारको थप कारवाही समेत गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

२.साथै साविक नेउलापुर हाल ठाकूबाबा नगरपालिका लाभग्राहीहरु भार्गव विकास वैकमा साविक बगनाहा हाल ठाकूबाबा नगरपालिका लाभग्राहीहरु कर्णाली विकास वैकमा साथै साविक शिवपूर र ठाकूरद्धार हाल ठाकूरबाबा नगरपालिका ६,७,८,र ९का लाभग्राहीहरु एन. आई.सी. यसिया वैक भूरीगाउमा मिति २०७४।११।२२ गते देखि सम्पर्क राख्न समेत जानकारी गराईन्छ । साथै खाता संचालन गर्न छुटनु भएका लाभग्रही हरुले पाउने दोस्रो चौमासीक रकम २०७४ फाल्गूण मसान्त भित्रमा खाता संचालन गरी भुक्तानी लिन हून यो सूचना द्धारा जानकारी गराईन्छ ।

२०७४/११/२१

कृष्ण प्रसाद खरेल
प्रमूख प्रशासकीय अधिकृत

प्रमूख प्रशासकिय अधिकृत